# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

प.सं.: २०८०/०८१- कर्मचारी प्रशासन शाखा बागमती प्रदेश, नेपाल ।

च.नं. : ८८३४

मिति: २०८१/०२/०४ गते

ने.सं. ११४४, वछलाथ्व ९ शुक्रबार

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री मनहरी गाउँपालिका

शाखा/उपशाखा प्रमुखज्यूहरु

वडा कार्यालय/वडा सचिवज्यूहरु

प्रस्तुत विषयमा २०८१ साल बैशाख २७ गते विहिबारका दिन बसेको आ.व. ०८०/८१ को पन्ध्रौं गाउँ कार्यपालिका बैठकको निर्णय पाना ६ (छ) यसैसाथ संलग्न छ । सो निर्णानुसार तहाँसंग सम्बन्धित निर्णयहरु हेरि समयमै आवश्यक कार्यान्वयन गर्नु/गराउनु हुन अनुरोध छ ।

............................

(रमेश सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हटिया, मकवानपुर
बागमती प्रदेश, नेपाल

मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

मितिः-२०८१/०१/२७ बैठक संख्या :- २०८०/०८१-१५ समय :- विहान ८ बजे

अध्यक्षता गाउँपालिका अध्यक्ष श्री रञ्जन कालाखेती

स्थान : लामिटार भवन ।

**उपस्थिति :-**

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसांद खनाल | १ नं. अध्यक्ष | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. अध्यक्ष | |
| ८ | श्री युवराज थपलिया | ६ नं. अध्यक्ष | |
| ९ | श्री ठाकुरराम तितुङ | ७ नं. अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. अध्यक्ष | |
| ११ | श्री राजकुमार श्रेष्ठ | ९ नं. अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेतीमाया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राममाया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मीरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छीमाया बोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुरकुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री रमेश सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |

**आमन्त्रित बैठक/सहयोगी**

श्री राजेन्द्र भट्टराइ बरिष्ठ लेखा अधिकृत

श्री अञ्जना सुवेदी प्रशासन शाखा प्रमुख

मिति २०८१/०१/२७ गते बसेको १५ औ गाउँकार्यपालिका बैठकको प्रस्तावहरुः

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।
२. तेस्रो त्रैमासिक प्रगति समीक्षा सम्बन्धमा ।
३. योजना फरफारक सम्बन्धमा ।
४. कोल्ड स्टोर्स निर्माणस्थल सम्बन्धमा ।
५. गाउँपालिका प्रशासकीय भवन निर्माण सम्बन्धमा ।
६. गाउँपालिका प्रशासकीय भवन निर्माण DPR संशोधन सम्बनधमा ।
७. गाउँपालिका प्रशासकीय भवन बहुबर्षिय आयोजनाको रुपमा स्वीकृत गर्ने सम्बन्धमा
८. बजेट रकम रकमान्तर सम्बन्धमा ।
९. मनहरी अस्पतालमा कार्यरत डाक्टरलाई थप प्रोत्साहान सम्बन्धमा ।
१०. एम्बुलेन्स सेवा सम्बन्धमा ।
११. गृहणी महिला शसक्तिकरण कार्यक्रम कार्यान्वयन संचालनको लागि वडा छनौट गर्ने सम्बन्धमा
१२. राहत/ आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।
१३. योजनाको नाम परिवर्तन सम्बन्धमा ।
१४. जनतासंग अध्यक्ष/उपाध्यक्ष कार्यक्रमबाट भएको सम्झौता अनुमोदन सम्बन्धमा ।
१५. ६०/ ४० योजना समबन्धमा ।
१६. गाउँपालिकाको लोगो मुल्याङ्कन तथा छनौट सिफारिस समिति गठन सम्बन्धमा ।
१७. नदीजन्य पदार्थ उत्खनन् सम्बन्धमा ।
१८. आयोजना सुपरीवेक्षक तोक्ने सम्बन्धमा ।
१९. गरिबसंग विशेश्वर शैक्षिक सहायता कार्यक्रम सम्बन्धमा ।
२०. वडा नं. ४ स्वास्थ्य संस्था भवन निर्माण स्थान सम्बन्धमा ।
२१. निर्माण व्यवसायिको बोनस पुरस्कार सम्बन्धमा ।
२२. सेवाकेन्द्र स्थापना सम्बन्धमा ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८१/०१/२७ गते बसेको १५ औ गाउँकार्यपालिका बैठकको निर्णयहरु

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँपालिकाबाट भएका अधिकाशं निर्णयहरु कार्यान्वियन भईसकेको र केही निर्णय कार्यान्वियनको लागि सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गर्दै प्रगति तथा उपलब्धीको समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८०/०८१ को लागि विनियोजित बजेट तथा कार्यक्रमहरुको भौतिक र वित्तीय प्रगतीको समिक्षा गरी थप सुधारको लागि पृष्ठपोषण प्रदान गरीयो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस चालु आ.ब. ०८०/८१ मा बिनियोजित सार्वजनिक निर्माण लगायत अन्य बजेट कार्यान्वियनको अवस्थाको स्थलगत रुपमा अनुगमन गरि योजना पिच्छे छुट्टा छुट्टै तयार भएको अनुगमन प्रतिवेदनको आधारमा अनुगमन तथा सुपरीवेक्षण समितिको बिभिन्न मितिमा सम्पन्न बैठकबाट कार्यालयलाई भुक्तानीको लागि गरिएको सिफारिस बमोजिम भएका अनूसुची १ बमोजिमका योजनाहरुको भुक्तानी सम्बन्धि कार्य सदर तथा फरफारक अनुमोदन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ३ ढेडुखोला स्थानको साविक हार्डीखोला वडा नं. ६ भुन्द्रुङ्ग स्थित कि.नं. ३९४९ को ज. वि .०-०-१० र सो संग जोडिएको कि.नं. ४६२ को सार्वजनिक/पर्ती जग्गामा गाउँपालिकाबाट कोल्ड स्टोर्स निर्माण गर्ने भनि काम पनि हुरु भएकाले उक्त ऐलानी /सार्वजनिक जग्गामा नै कोल्ड स्टोर्स (सित भण्डार) निर्माण सम्पन्न गरी कोल्ड स्टोर्स (शित भण्डारण) संचालन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ९ स्थित रजैयाको हरियाली सामुदायिक वन क्षेत्रको ज.वि. ०-२ हेक्टर जग्गामा गाउँपालिकाको प्रशासकीय भवन बनाउनको लागि मिति २०८०/१२/२२ गतेको नेपाल सरकार मन्त्रिपरिपद्को निर्णयबाट स्वीकृती भएकाले वन ऐन , २०७६ तथा वन नियमावली, २०७९ अनुसार जग्गा सोधभर्ना वा राजश्व दाखिला सम्बन्धी आवश्यक प्रक्रिया पुरा गरी उक्त स्थानमा गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि बोलपत्र प्रक्रिया शुरु गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउपालिकाको प्रशासकीय भवन निर्माण आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत भएकोमा सो संशोधन गरी भित्री र बाहिर पार्टेशन पफ प्यानल/SY Panel प्रविधिबाट गर्ने सहितको संशोधित विस्तृत परियोजना प्रतिवेदन स्विकृत गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिका प्रशासनिक भवन निर्माण आयोजनालाई प्राथमिकता प्राप्त (P1) बहुबर्षिय आयोजनाको रुपमा स्विकृत गरियो ।

८. प्रस्ताव नं. ८ माथि निर्णय गर्दा गाउँपालिकाको कार्यसंचालन तथा विभिन्न आयोजना तथा कार्यक्रम संचालनको क्रममा तपसिल अनुसारको शिर्षक तथा कार्यक्रममा रकम अभाव भएकाले अनुसूची २ अनुसारको शिर्षकबाट रकमान्तर गरि थप बजेट कायम गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१/०१/२७ गते बसेको १५ औ गाउँकार्यपालिका बैठकको निर्णयहरु

९. प्रस्ताव नं. ९ माथि निर्णय गर्दा मकवानपुर जिल्लामा जनसंख्याको हिसाबले मनहरी गाउँपालिका हेटौंडा उपमहानगरपालिका पछिको दोस्रो ठूलो गाउँपालिका भएकाले अत्याधिक विरामिको चाप रहेसंगै उपलब्ध सिमित स्रोत साधन र जनशक्तिबाट मनहरी अस्पताललाई पूर्ण रुपमा संचालन गर्न अन्तरङ्ग सेवा विस्तार का साथै वडा नं. ३ मा रहेको हाडींखोला स्वास्थ्य चौकीबाट समेत सासाहित सेवा संचालन गर्न लागिएको अवस्थामा छात्रवृति करारमा कार्यरत डाक्टरलाई खाईपाई आएको तलबको २०% प्रोत्साहन सुविधा उपलब्ध गराई कार्य वातावरण तयार गर्ने निर्णय गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मनहरी गाउँपालिका भित्रका अति बिपन्न/बिपन्न तथा असहाय बिरामिहरुलाई अस्पताल सम्म पुर्याउनको लागी एम्बुलेन्स आबश्यक परेमा वडा कार्यालयको सिफारिसमा एम्बुलेन्स सेवामा ५० प्रतिशत छुट साथै मनहरी गाउँपालिका क्षेत्रभित्र भेटिएका वेवारिसे शवहरुलाई पोष्ट मार्टम गर्न हेटौंडा अस्पतालसम्म पुर्याउन निशुल्क रुपमा एम्बुलेन्स सेवा दिने निर्णय गरियो

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन गर्नको लागि गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ५ बमोजिम सिपमुलक व्यवसायिक कार्यक्रम संचालनको लागि मनहरी गाउँपालिकाको सबै वडालाई छनौट गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव न. १२ माथि छलफल गर्दा गाउँपालिकासंग विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा अनुसूची -३ बमोजिम तोकिएको शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफाल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८०/८१ को स्वीकृत विभिन्न वडागत योजनाहरु विविध कारणले कार्यान्वयन गर्न कठिनाई रहेको व्यहोरा सहित सम्बन्धित वडा कार्यालयहरुको सिफारिस प्राप्त हुन आएको हुदाँ अनुसूचि ४ बमोजिमका योजनाहरुको शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा आ.ब. ०८०/०८१ को लागि पूजिंगत तर्फ बिनियोजित जनतासंग अध्यक्ष र जनतासंग उपाध्यक्ष कार्यक्रम कार्यान्वयनको लागि स्वीकृत भएको कार्यक्रम संचालन कार्यविधि २०७९ बमोजिम मिति २०८०/१२/०१ देखी २०८०/१२/३० सम्म अनुसूचि ५ बमोजिमका योजनाहरु सम्झौता भएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा प्रतिवडा स्वीकृत बजेट सिमा भित्र रहि वडा कार्यालयको सिफारिस बमोजिमको लागत सहभागितामा संचालन गर्ने (उपभोक्ता ४०% र गाउपालिकाको ६०%) आयोजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरीयो ।

तपसिल :

क)

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१/०१/२७ गते बसेको १५ औ गाउँकार्यपालिका बैठकको निर्णयहरु

| क्र.सं. | वडा नं. | योजनाको नाम | कार्यालयको लागत ६०% | उपभोक्ता लागत ४०% | जम्मा लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४ | श्री चेपाङ प्रा.वि को संरचना निर्माण | १०,५०,०००/- | ७,००,०००/- | १७,५०,०००/- | |

ख) मनहरी गाउँपालिका र मकवानपुर जिल्ला समन्वय समिति को रु ५०,००,०००/- (६०/४०) को संयुक्त लागत साझेदारीबाट मनहरी गाउँपालिकाको पूर्वाधार विकास अन्तर्गत वडा नं. १ को श्री बालजिवनज्योति मा.वि. मकरी को लागि रु २०,००,०००/- (बिस लाख) र वडा नं. ४ को चेपाङ्ग प्रा.वि. मा रु २०,००,०००/- (बिस लाख) र वडा नं. ६ को हाङ्गलाङ मा रु १०,००,०००/- (दश लाख) वरावरको खानेपानी योजना कार्यान्वयन गर्न आवश्यक रकम रु ३० लाख माग गरी निर्णय गरियो ।

१६. प्रस्ताव नं. १६ माथि छलफल गर्दा मिति २०८०/११/१० गते बसेको तेह्रौ गाउँ कार्यालिकाको बैठकको निर्णयानुसार मनहरी गाउँपालिकाको प्रतिक चिन्ह ( गोलो निर्माणका लागि) सूचना प्रकाशन गर्ने निर्णय भए बमोजिम, प्रकाशित सूचना अनूरुप प्राप्त हुन आएका लोगोको मूल्याङ्कन तथा सिफारिस गरी गाउँकार्यपालिकाबाट लोगो स्वीकृति गर्ने प्रयोजनार्थ तपसिल बमोजिमको तीन सदस्यीय लोगो मुल्याङ्कन तथा छनौट सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

मुल्याङ्कन तथा छनौट सिफारिस समिति

१. संयोजक- श्री दिपेन्द्र अधिकारी वडा नं. ५ वडा अध्यक्ष

२. सदस्य — श्री युवराज थपलिया- वडा नं. ६ वडा अध्यक्ष

३. सदस्य- श्री सविता सुवेदी — कार्यपालिका सदस्य

४. सदस्य सचिव- प्रशासन शाखा प्रमुख

१७. प्रस्ताव नं. १७ माथि छलफल गर्दा गाउँपालिकाको तोकिएको कर संकलन केन्द्रबाट विक्री कर संकलन गर्ने गरी मिति २०८०/१२/१८ गते बसेको चौधौं गाउँकार्यपालिकाको बैठकको निर्णय बमोजिम प्रति घन मिटर रु १०० का दरले उत्खनन् शुल्क लिई गाउँपालिका आफैंले ईन्धन सहित हेभि मेसिनबाट उत्खनन् गरी निर्माण सामाग्री प्रशोधन गर्ने उद्योग फर्मका ढुवानी साधनमा लोड गरिएकोमा २०८१/०१/२६ गते सम्म ३२१४८ घन मिटर उत्खनन् भएको र रु ३२,१४,८००/- उत्खनन् शुल्क गाउँपालिकामा जम्मा भएको व्यहोरा जानकारी भयो र सो विषयमा कार्यालयले ईन्धन र मेसिन सहित खर्च गर्दा संकलन शुल्क न्युन उठ्ने देखिएकोले सम्बन्धित उत्खनन् कर्ताको तर्फबाट ईन्धन र मेसिन प्रयोग गर्ने गरी मनहरी गाउँपालिकाको आर्थिक ऐन, २०८० ले तोकेको उत्खनन् शुल्क वापतको प्रति घनमिटर रु ५० राजश्व लिई प्रवेश पास दिने व्यवस्था मिलाउने र स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाणमा नबढ्ने गरी उत्खनन् गर्ने तथा विक्री शुल्क साविक बमोजिम तोकेको कर संकलन नाकाबाट संकलन गर्ने व्यवस्था निर्णय गरियो ।

रमेश सुवेदी

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१/०१/२७ गतें बसेको १५ औ गाउँकार्यपालिका बैठकको प्रस्तावहरु:

१८. प्रस्ताव नं. १८ माथि छलफल गर्दा गाउँपालिकामा संचालनमा रहेका तपसिल अनुसारका आयोजनालाई तोकिएको गुणस्तरमा सम्पन्न गर्नको लागि स्थलगत सुपरिभिजन गर्न आवश्यक देखिएकोले हाल गाउँपालिका तथा कार्यालयमा ज्यालादारी तथा सेवा करारमा काम गरिरहेका प्राविधिक कर्मचारीलाई तपसिल अनुसारको आयोजनामा पूर्ण रुपमा फिल्डमा (आयोजना निर्माण स्थल) नै आयोजना सम्पन्न नहुदाँसम्म सुपरभिजन गर्न खटाउने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | आयोजनाको नाम | खटाईने प्राविधिकको नाम | पद | सेवा सुविधा | कैफियत |
|---|---|---|---|---|---|
| १ | कोल्ड स्टोर (शित भण्डार) | सृजन पौडेल | स. ई | नेपाल सरकारले तोकेको शुरु तलब भत्ता | |
| २ | हार्डीखोला पक्की मोटरएबल पुल | विनोद प्रजा | अ.स.ई | | |
| ३ | ठाडोखोला पक्की मोटरएबल पुल | संजय राई | अ.स.ई | | |
| ४ | गाउँपालिका अस्पताल वडा नं. ७ | सागर राई | अ.स.ई | | |

१९. प्रस्ताव नं. १९ माथि छलफल गर्दा मनहररी गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास भई गरिबिको कारणले आफ्नो अध्ययन पुरा गर्न कठिनाई भोगि रहेका छात्राछात्रहरुलाई आफ्नो अध्ययन पुरा गराउन सहयोग गर्न सम्बन्धित वडा कार्यालयहरुबाट सिफारिस भई आएकाले विभिन्न शैक्षिक संस्थामा अध्यनरत छात्राछात्रहरुलाई अनुसूचि ६ बमोजिमको रकम विपन्न बालबालिकासंग गरिबसंग विशेश्वर शैक्षिक सहायता कोषबाट शैक्षिक सहायता स्वरुप छात्रवृत्ती रकम उपलब्ध गराउने निर्णय गरियो ।

२०. प्रस्ताव नं. २० माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ४ साविक हार्डीखोला गा. वि. स वडा नं ७ मा रहेको श्री गजविर तितुङको नाति, गुण सिं तितुङको छोरा श्री सानु कान्छा तितुङको नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता स्रेस्ता कायम रहेको कि.नं. १८२० ज.वि. ०-१४-१३-० मध्येबाट पूर्वमा गुण सिंह तितुङ, पश्चिममा साना किसानको भवन, उत्तरमा भगवान रेग्मी र दक्षिणमा आफ्नै यति चार सिमाना भित्र रहेको एक (१) कठ्ठा जग्गा श्री मोतिदेवी स्मृती आधारभुत स्वास्थ्य सेवा केन्द्रको कार्यालय भवन निर्माणको लागि मनहरी गाउँपालिकाको नाममा निःशुल्क रुपमा उपलब्ध गराउने भएकाले आवश्यक कागजात सहित वडा नं. ४ को सिपारिस प्राप्त हुन आएको सन्दर्भमा प्राप्त हुने जग्गा स्वास्थ्य भवन निर्माणको लागि उपयुक्त भएकाले स्वीकार गर्ने निर्णय गरियो ।

२१. प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका ठेक्काबाट संचालित योजनाहरुको सम्झौतामा उल्लेख भए अनुरुप देहाय बमोजिमको बोनस रकम उपलब्ध गराउने निर्णय गरियो।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश,नेपाल

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८१/०१/२७ गते बसेको १५ औ गाउँकार्यपालिका बैठकको प्रस्तावहरुः

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

| क.सं. | ठेक्का नं. | ठेक्का स्वीकृत भएको फर्म | योजनाको नाम | सम्झौता रकम | बोनस रकम ( प्रतिदिन ०.०५%) बढीमा सम्झौता रकमको ५% नबढ्ने गरी | बोनस भुक्तानी शिर्षक |
|---|---|---|---|---|---|---|
| १ | UGR/NCB/MAN/01-080/81 | महा रुद्र कन्सट्रक्सन | मानेडाँडा रमौली सडक स्तरीकरण | ५२,३५,३३०.५०/- ( पी. एस. भ्याट बाहेक | १,०४,७०६.४० /- | संघीय पूजिगत को सोही योजना शिर्षकबाट |
| २ | UGR/NCB/MAN-02/080-081 | स्यार्सेकाली ग्रुप प्रा.ली. | वडा नं. -२ सडक स्तरीकरण | १,००,९०५४१.७९/- (पी.एस. र भ्याट बाहेक | ४,५४,०७४.३० /- | प्रदेश पूजिगत समपुरकको सोही योजनाबाट |

२२. प्रस्ताव नं. २२ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको स्वीकृत संगठन संरचना तथा व्यवस्थापन अध्ययन प्रतिवेदन बमोजिम कृषि सेवा केन्द्र र पशुपंक्षी सेवा केंन्द्र स्थापनाको लागि साविक हाडींखोला गा. वि. स अन्तर्गतका वडाहरु कार्यक्षेत्र रहने गरी मनहरी गाउँपालिकाको वडा नं. ३ हाडींखोलामा कृषि सेवा केन्द्र र पशुपंक्षि सेवा केन्द्र स्थापना गर्ने साथै साविक मनहरी गा. वि. स अन्तर्गतका वडाहरु कार्यक्षेत्र रहने गरी मनहरी गाउपालिकाको वडा नं. ८, सिम्पानीमा कृषि सेवा केन्द्र र पशुपंक्षि सेवा केन्द्र स्थापना गर्ने निर्णय गरियो।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरियो

गाउँ कार्यपालिकाको पन्ध्रौं बैठक

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रैबिया मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष